# शुक्लागण्डकी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### दुलेगौंडा, तनहुँ

गण्डकी प्रदेश, नेपाल

332F+6GG

पत्र सङ्ख्या: २०८१/०८२

चलानी नं.: २८१

मिति: २०८१/०५/०४

ने.सं. ११४४ गुँलागा १ मङ्गलवार

**विषय: विषयगत शिक्षक मिलानका लागि दरखास्त दिने सम्बन्धमा ।**

श्री सबै सार्वजनिक विद्यालयहरू/सार्वजनिक विद्यालयका शिक्षकहरू

शुक्लागण्डकी, तनहुँ

यस नगरपालिका स्थित सामुदायिक विद्यालयहरूमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन कार्यविधि), २०७६ बमोजिम २०७९ सालमा दरबन्दी मिलान हुँदा निम्न माध्यमिक तह (कक्षा ६-८), माध्यमिक तह (कक्षा ९-१०) र माध्यमिक तह ( कक्षा ११-१२) मा न्यूनतम दरबन्दी कायम हुन नसकेका तथा तहगत दरबन्दी थप आवश्यक भएका विद्यालयहरूमा प्राथमिक तहको पुल दरबन्दीबाट मिलान गरी शिक्षक व्यवस्थापन गरिएकोमा कतिपय विद्यालयहरूमा विषयगत योग्यता पुगेका शिक्षकहरूको अभाव रहिरहेको तथा कतिपय आधारभूत तहका विद्यालयहरूमा समेत विषयगत योग्यता पुगेका शिक्षकहरू मौजुदा रहेको अवस्था भएकोले मिति २०८१/०४/१६ को नगर शिक्षा समितिको बैठकबाट तहगत शिक्षक दरबन्दी मिलानका साथै विद्यालयको आवश्यकता बमोजिम विषयगत शिक्षक व्यवस्थापनका लागि शिक्षा शाखाबाट तयारी गर्ने निर्णय भए अनुसार सबै तहमा विषयगत शिक्षक आवश्यकता भएका विद्यालयहरूले यो सूचना प्रकाशन भएको मितिले १० (दश) दिनभित्र विद्यालय व्यवस्थापन समितिको निर्णय सहित तहगत रूपमा आवश्यक भएका शिक्षकहरूको विषय उल्लेख गरी नगरपालिकामा माग निवेदन गर्नुहुन जानकारी गराइन्छ। साथै दरबन्दी तथा विषय मिलानका सन्दर्भमा अन्यत्र सरुवा भई जान चाहना भएका र विद्यालयको माग बमोजिम योग्यता पुगेका शिक्षकहरूले समेत तोकिएको समयभित्र सम्भावित विद्यालय उल्लेख गरी निवेदन दिन सकिने समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

(नवराज चापागाईं)

उपसचिव (अधिकृत दशौं)



फोन नं: ०६५-४१४१०५, ४१४३०५, वेबसाइट: www.shuklagandakimun.gov.np
इमेल: info@shuklagandakimun.gov.np, munshuklagandaki@gmail.com